सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश श्री सुनिल कुमार पोखरेल

**फैसला**

०७६-CR-१०४०

मुद्दाः- कर्तव्य ज्यान।

| | |
|---|---|
| ताप्लेजुङ्ग आम्वेगुदिन गा.वि.स. वडा नं. ५ हाल जिल्ला झापा अर्जुनधारा न.पा. वडा नं. ७ कुम्निटार घर भई हाल श्री कारागार कार्यालय भद्रपुर झापामा थुनामा बस्ने वर्ष ४० को भुपेन्द्र भट्टराई भन्ने भिमबहादुर भट्टराई.......................................१ | पुनरावेदक प्रतिवादी |

विरुद्ध

| | |
|---|---|
| धन वहादुर अधिकारी क्षेत्रीको जाहेरीले नेपाल सरकार.................................१ | प्रत्यर्थी वादी |

शुरु तहमा फैसला गर्नेः माननीय जिल्ला न्यायाधीश श्री शान्ति प्रसाद आचार्य
झापा जिल्ला अदालत
फैसला मितिः २०७५।०२।१४

पुनरावेदन तहमा फैसला गर्नेः माननीय न्यायाधीश श्री यमुना भट्टराई
माननीय न्यायाधीश श्री तेज नारायण सिंह राई
उच्च अदालत विराटनगर, इलाम इजलास
फैसला मितिः २०७६।०१।०९

न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र अदालतको ठहर यस प्रकार रहेको छ।

**संक्षिप्त तथ्य**

१. मेरो सहोदर भाई सन्तबहादुर अधिकारी क्षेत्री शिविरमा वितरण गरिने पम्प सेट मेसिनमा चौकीदार काम गर्दै आएकामा मिति २०५८।११।२६ गते बेलुकाको खानपिन गरी काममा गएका थिए। ऐ. २७ गते बिहान ०६:०० बजेको समयमा सो पम्प सेट मेसिनका अपरेटर बालकृष्ण प्रधान मेरो घरमा आई सन्तबहादुर त ड्यूटीमा छैनन् भनेपछि निजसङ्गै पम्प सेट भएको स्थानमा गई खोजतलास तथा सोधखोज गर्दा चम्लागाई थरकी एक महिलाले राती २ जना मानिसहरु आई हामी ताप्लेजुङ बस्ने हौं। पारी जुकेखाडी सम्म पुऱ्याईदेउ भनि सन्तबहादुरलाई भनेको सुनी र सन्तबहादुरले जान्न भनेको सुनेकी हुँ भनी सुनाएकीले सुखानी बगर हुँदै जुकेखाडीतर्फ जाने क्रममा सुखानी बगरमा मेरो भाई सन्तबहादुर अधिकारीलाई रगतपक्ष भई टाउको र घिच्चुकको पछाडिको भागमा काटिएर मृत अवस्थामा देखेको हुँदा मेरो भाईलाई हाल सम्म खुल्न नआएका अपराधीले सुनियोजित तवरले एकान्त बगरमा लगी कर्तब्य गरी मारेको हुँदा कानुन बमोजिम कारवाही गरिपाउँ भन्ने बेहोराको जाहेरी दरखास्त।

२. सन्तबहादुर अधिकारी क्षेत्रीको अनुहारमा रगत बालुवा लागी क्षतविक्षत भएको, नाक र कानमा रगत लागेको, मृतकको पछाडि गर्धनको दाहिने भागमा ३ ईन्च लामो १ ईन्च चौडाईको छाला काटिएको घाउ रहेको, मृतकको बायाँ आँखी भौं माथि टाउकोको बाया तालु माथिको भागमा ८ ईन्च लम्बाई १.५ ईन्च चौडाई १.५ ईन्च गहिराईको धारिलो हतियारको चोट रहेको, दाहिने कान देखी ६ ईन्च माथि टाउकोमा दाहिने कन्चटमा ६ ईन्च लम्बाई ५ ईन्च चौडाई छालाको भाग काटिएको सेतो खप्परको हाड देखिएको, दाहिने पातामा ४ ईन्च लम्बाईको छाला खोस्रिएको घाउ रहेको भन्ने घटनास्थल/लासजाँच मुचुल्का।

३. मिति २०५८।११।२६ गते दिनको अं. २०:०० बजेको समयमा २ जना केटाहरु एक्कासी मेरो पसलमा पसी मलाई समेत गाली गलौज गर्दै झगडा गर्न खोजेकाले म

छिमेकीको घरमा गई बसी गफगाफ गर्न थालें, केही समयपछि निजहरु गएपछि घरमा आई बसें। निजहरु खाली खुट्टा आएका, जे पायो त्यही बोल्ने गर्दथे। निजहरु मध्येका एक जना क्षेत्री बाहुन जस्तो आर्मीमा जागिर खाएको भन्ने, खोलापारी ७ नम्बर वडामा प्रायः बस्ने गरेको साथमा खुकुरी समेत बोक्ने गरेको र अर्का कलिलो कलिलो जस्तो देखिने मानिसहरु हुन्। निजहरुको नामथर वतन थाहा छैन। मिति २०५८।११।२७ गते चौकी छेउमा मान्छे मऱ्यो भन्ने सुनी गई हेर्दा शिविरको पानी मेसिनमा चौकीदार गर्ने सन्तबहादुर अधिकारी क्षेत्री भई चिनेको हो। मृतकको धारिलो हतियारको प्रहारबाट मृत्यु भएको हो। निज सन्तबहादुर अधिकारी क्षेत्रीलाई कर्तब्य गरी मारेको हो, को कसले कर्तब्य गरी मारे थाहा छैन भन्ने ईन्द्रकुमारी श्रेष्ठको कागज।

४. The cause of death is head injury भन्ने शव परीक्षण प्रतिवेदन।

५. धनबहादुर अधिकारीको जाहेरीले वादी नेपाल सरकार भएको कर्तब्य ज्यान मुद्दामा मिति २०५८।११।२६ गते रातीको समयमा जिल्ला झापा साविक खुदुनाबारी गा.बि.स. वडा नं. ९ र ७ को सिमानामा पर्ने सुखानी खोलामा ऐ. स्थित भुटानी शरणार्थी शिविर हट नं. ३१ मा घर भई शिबिरको पानी तान्ने पम्प सेट मेसिन रुगांलो चौकीदार गर्ने सन्तबहादुर अधिकारी क्षेत्रीलाई धारिलो हतियारले काटी कर्तब्य गरी मारेको कर्तब्य ज्यान मुद्दाको वारदात भूपेन्द्र भट्टराई भन्ने भिम भट्टाराईले घटाएको भन्ने गोप्य तवरबाट बुझिन आएकाले निजलाई मिति २०७४।०४।११ गते १८:३० बजेको समयमा जिल्ला झापा बिर्तामोड न.पा. वडा नं. ५ स्थित मुक्ती चौकमा हिडडुल गरिरहेको अबस्थामा फेलापारी नियन्त्रणमा लिई सोधपुछ गर्दा उक्त वारदात मितिमा मैले मादक पदार्थ सेवन गरी घरतर्फ जाँदै गर्दा निज सन्तबहादुर अधिकारीसङ्ग चौकीदार बसेको ठाउँमा भेट भई बादबिबाद हुँदा निजले मलाई अश्लिल गाली गलौज गरी ढुङ्गाले समेत हानेको हुँदा निजलाई मैले सो स्थानबाट घटनास्थल सम्म पुऱ्याई आफूले बोकेको खुकुरीले प्रहार गरी कर्तब्य गरी मारेको हो भनी बताएकाले थप अनुसन्धान तथा कारवाहीको लागि यसै प्रतिवेदन साथ पेश गरेका छौं कानुन बमोजिम गरिपाउँ भन्ने प्र.ना.नि. नन्दकुमार गुरुङ समेतको प्रतिवेदन।

६. मिति २०५८।११।२६ गते दिनभर खुदुनाबारी बजारमा बसी रक्सी खाई माती खुदुनाबारी बजारमा नै घरायसी प्रयोजनको लागि भनी रु.३५०।- मा दाब सहितको सिरुपाते खुकुरी किनी भिरी घरतर्फ जाँदै गर्दा म मातेको कारण केही ढिलो तथा बेलुकाको ०९:३० बजेकाले बाटोमा जाँदै गर्दा शरणार्थी शिविरको पानी तान्ने मेसिन राखेको र त्यसमा रुँगालो चौकीदार बस्ने गरेका छन् भन्ने थाहा भएकाले अब धेरै रात पनि परेकोले लाईट मागेर जानुपर्‍यो भनी चौकीदार बसेका सन्तबहादुर अधिकारीसङ्ग लाईट माग्दा मलाई अश्लिल शब्दले गाली गलौज गरेपछि म आफ्नो बाटो केहीपर पुग्दा निजले मलाई ढुङ्गाले ढाडमा प्रहार गरेपछि मलाई दुखी रिस थाम्न नसकी तत्कालै दौडेर गई निजको कठालोमा समाती घटनास्थलमा पुर्‍याई आफूले बोकेको खुकुरी पहिला गर्धन, पातामा र सो पश्चात पटक पटक हानी काटी कर्तब्य गरी मारेको हो। घटना हुनु अगाडि मैले शरणार्थी शिविर भित्र नै लोकल रक्सी खाएको थिंए। होटलवालाको नाम मलाई थाहा थिएन। होटलवाला ईन्द्रकुमारी श्रेष्ठ हुन् भनि मैले पछि थाहा पाएको हुँ। रक्सी खाने क्रममा मेरो घर सुखानी खोलापारी ७ नम्बर वडा हो भनी गफ चाही गरेको थिएँ भन्ने बेहोराको प्रतिवादी भुपेन्द्र भन्ने भिमबहादुर भट्टराईको बयान।

७. मिति २०५८।११।२७ गते मैले गरेको घटना बिबरण कागज पढीवाँची सुनाउँदा सुनें। सनाखत गराउन उपस्थित गराईएका एकै पंक्तिमा रहेका पाँच जना ब्यक्ति मध्ये बायाँबाट क्रमशः तेस्रो स्थानमा रहेका ब्यक्तिलाई मैले मिति २०५८।११।२६ गते मैले सञ्चालन गरेको होटलमा देखेको हो। निजले नै सो समयमा जिन्सको पेन्ट काटी हाफपेन्ट बनाई लगाएका, ठूलो स्वर, खराव बोल्ने, अग्लो, आर्मीको जागिर खाएको जस्तो क्षेत्री बाहुन जस्तो साथमा खुकुरी भिरेको ब्यक्ति यीनै हाल पक्राउ परेका प्रतिवादी भुपेन्द्र भन्ने भिमबहादुर भट्टराई हुन्, प्रष्टसङ्ग चिनें। सो समयमा मेरो पसलमा आएर गएपछि मिति २०५८।११।२६ गते राती अं. ०९:३० बजेको समयमा प्रतिवादी बस्ने गरेको घर जिल्ला झापा साविक खुदुनाबारी ७ जाने क्रममा भुटानी शरणार्थी शिविर खुदुनाबारीको लागि पानी तान्ने पम्प मेसिनको चौकीदार बसेका भुटानी शरणार्थी सन्तबहादुर अधिकारी क्षेत्रीलाई सुखानी खोलामा लगी मारेका रहेछन्। वारदात पछि प्रतिवादी गाउँघरमा देखिएका

थिएनन्। आज भन्दा ५/६ महिना अगाडि देखि फेरी सोही हाम्रो घर भएको ठाउँतिर हिडडुल गरेको देख्दै थिएँ। निज प्रतिवादीले सन्तबहादुर अधिकारी क्षेत्रीलाई कर्तब्य गरी मारेकोमा पुर्ण बिश्वास लाग्छ। त्यसरी मेरो होटलमा मिति २०५८।११।२६ गते राती अं. ०९:३० बजेतिर सुखानी खोलातर्फ जाने ब्यक्ति मध्येका एक जना यी भुपेन्द्र भन्ने भिमबहादुर भट्टराई हुन्, निजको शरीर, बनावट रुप रङ्ग र आकृतिबाट चिनेकाले सोही ब्यक्ति हो भनी सनाखतसमेत गरी दिएको छु भन्ने ईन्द्रकुमारी श्रेष्ठको सनाखत कागज।

८. मिति २०५८।११।२६ गते मेरो अबिबाहित कान्छो भाई सन्तबहादुर अधिकारी क्षेत्री शिविरमा ल्याउने पानी तान्ने मेसिनको चौकीदार ड्यूटीमा बस्दै आएका थिए। भोलिपल्ट २७ गते बिहान तत्कालिन खाने पानीका अपरेटर हाल अमेरिकामा हुने बालकृष्ण प्रधान पानी खोल्न भनी जाँदा चौकीदार बस्ने ठाउँमा भाई नभएको, ढोका खुल्ला रहेको कुरा सुनाएपछि सबै जना खोज्न गएकोमा साविक खुदुनाबारी ७ र ९ को सुखानी खोला बगरमा भाई सन्तबहादुर अधिकारीलाई शरीरको बिभिन्न ठाउँमा काटी बिभत्स गरी काटी कर्तब्य गरी मारेको अबस्थामा फेलापरेकाले सोही बिबरणको जाहेरी दरखास्त समेत पेश गरी कानुनी प्रकृया पुरा गरी लास सतगतको लागि जिम्मा लिएको हो। हाल पक्राउ प्रतिवादी भुपेन्द्रबहादुर भट्टराई सोही राती भुटानी शरणार्थी सिविर हुँदै मेरो घर ताप्लेजुङ पनि हो खोलापारी खुदुनाबारी ७ मा बस्ने गर्छु भन्दै साथमा खुकुरी बोकी हिडेको कुरा समेत खुले पनि तत्काल एकिन नभएकाले मैले प्रतिवादी एकिन नभएकै जाहेरी दरखास्त दिएको र प्रहरीले निजलाई खोजी गर्दा भागी फरार भएको र गाउँघरमा नआएको कुरा सुनेको हो। हाल म दमक स्थित भुटानी शरणार्थी सिविर बेलडाँगीमा मर्ज भएर गएको छु। मैले पत्रिका मार्फत मेरो भाई सन्तबहादुर अधिकारीलाई कर्तब्य गरी मार्ने मान्छेलाई पक्राउ गरेको भन्ने सुनी आई बुझ्दा पक्राउ परेका प्रतिवादी भुपेन्द्र भन्ने भिमबहादुर भट्टराईलाई मिति २०५८।११।२६ गते खुदुनाबारी आईतबारे हटियाबाटै बिबाद गर्दै माती खुकुरी भिरी आएका निजले मेरो भाई चौकीदार बसीरहेको ठाउँमा गई निहुँ खोजी तानी समाई अं. २० मिटर टाढा सुखानी खोलाको बगरमा पुऱ्याई खुकुरीले भाईको दाहिने काँध पाता टाउको समेतमा काटी कर्तब्य गरी मारेको कुरा निज

प्रतिवादीले अनुसन्धानको क्रममा खुलाएको रहेछ भन्ने सुनेको हो। यी प्रतिवादी भुपेन्द्र भन्ने भिमबहादुर भट्टराईले नै मेरो भाई सन्तबहादुर अधिकारी क्षेत्रीलाई कर्तब्य गरी काटी मारेको कुरा प्रष्ट हुन आएकोले मेरो भाई सन्तबहादुर अधिकारी क्षेत्रीलाई कर्तब्य गरी मार्ने निज प्रतिवादीलाई कानुन बमोजिम हदै सम्मको कारवाही हुनुपर्छ भन्ने धनबहादुर अधिकारी क्षेत्रीको कागज।

९. म वारदात मितिका दिन आईतबारे बजारमा गएको थिएँ। हाल पक्राउ परेका प्रतिवादी भुपेन्द्र भट्टराई भन्ने भिमबहादुर भट्टराई केही समय अगाडि मात्र ताप्लेजुङबाट खुदुनाबारी ७ मा आई बसोबास गरेका थिए। हटियाको दिन जहिले आउने मादक पदार्थ सेवन गर्ने ब्यापारीसङ्ग पैसा उठाउने आतंकित बनाउने गर्दथे। उक्त दिन दिउसो आईतबारे बजारमा यी भुपेन्द्र भन्ने भिमबहादुर भट्टराईले मादक पदार्थ सेवन गरी ब्यापारीसङ्ग आर्थिक पैसा उठाउदै रहेछन्। मैले थाहापाई पैसासमेत फिर्ता गर्न लगाएको थिएँ। प्रतिवादी झगडिया, बलियो ठूलो जोसङ्ग पनि झगडा गर्ने साथमा हातहतियार खुकुरी बोक्ने गर्थे। उक्त दिन आईतबारे हटियाबाट खुकुरीसमेत किनेको भन्ने सुनेको हो। मसङ्ग नै बिबाद भएको कारण म आफु अलि जोगिएर सुरक्षित रहें। साँझ पर्न लाग्दा निज भिमबहादुर भट्टराई खुदुनाबारी शिविर भुटानी शरणार्थी सिविरतर्फ गएको र निज शिविरमा पुगेपछि ईन्द्रकुमारी श्रेष्ठको होटलसम्म पुगेको पनि थाहा भयो। भोलिपल्ट बिहान भुटानी शरणार्थी शिविरको पानी तान्ने पम्प मेसिनको रुगालो चौकीदार रहेका सन्तबहादुर अधिकारी क्षेत्री ड्यूटीमा नभएको ढोका खुल्ला रहेको भन्ने सुनेपछि म समेत घटना स्थलमा पुगी हेर्दा पानी तान्ने पम्प मेसिन देखी अं. २० मिटर पर सम्म पुऱ्याई सुखानी खोला बगरमा खुकुरीले काटी सन्तबहादुरलाई मारेको अबस्थामा फेलापरेको हो। घटनाको बिषयमा बुझ्ने क्रममा हाल पक्राउ परेका प्रतिवादी घरमा नभई फरार रहेका निज मिति २०५८।११।२६ गते खुदुनाबारी आईतबारे बजारबाट साँझमा हिडेका प्रतिवादी भुटानी शिविर पुगेर ईन्द्रकुमारी श्रेष्ठको होटलमा पुगेर बेलुका अं. ०९:३० बजे निस्की हिडेको कुरा सम्म प्रष्ट भएको र निज प्रतिवादी सोही चौकीदार बसेको ठाउँको बाटो हुँदै आफ्नो घर जाँदा निज सन्तबहादुर अधिकारी क्षेत्रीसङ्ग बिबाद भई निज सन्तबहादुरलाई प्रतिवादी भुपेन्द्र भन्ने भिमबहादुर भट्टराईले तानी खोला बगरमा लगी कर्तब्य गरी

मारेकोमा पुर्ण बिश्वास लाग्छ। निज प्रतिवादी आफु अपराधबाट बच्न वारदात समयबाटै भागी बिदेश गई लामो समय सम्म बसी जाहेरवाला धनबहादुर अधिकारी लगायत मृतकका आफन्त समेत शिविर सरी गए पश्चात अब कसैले केही गर्दैन भन्ने सोची गाउँघरमा आएको हुनुपर्छ निज प्रतिवादीले सन्तबहादुर अधिकारी क्षेत्रीलाई खुकुरीले काटी कर्तब्य गरी मारेकोमा पुर्ण बिश्वास लाग्छ निजलाई कर्तब्य ज्यान मुद्दामा कानुन बमोजिम हदै सम्मको सजाय हुनुपर्छ भन्ने बेहोराको मेदनीप्रसाद चापागाईको कागज।

१०. वारदात मिति र समयमा सन्तबहादुर अधिकारी क्षेत्री सुखानी खोला बगरमा धारिलो हतियारले काटी कर्तब्य गरी मारेको अबस्थामा फेलापरेको भन्ने सुनी बुझ्ने क्रममा उक्त राती अं. ०९:३० बजेतिर प्रतिवादी भिमबहादुर भट्टराई भुटानी शिविर खुदुनाबारीको बाटो हुँदै हिंडेका र निज निकै मातेको अबस्थामा रहेको, साथमा खुकुरी बोकेको थियो र सन्तबहादुर अधिकारी क्षेत्रीले चौकीदार गरी बसेको पम्प मेसिन नजिकैबाट भिमबहादुर भट्टारईको घर जाने बाटो रहेको, निज निकै रिसाहा सन्की प्रबृत्तिका भएका कारण शङ्का लागि निजलाई खोजतलास गर्दा घरमा नभई फरार रहेको र १३/१४ बर्ष अन्यत्रै रही भुटानी शरणार्थीसमेत सो ठाउँबाट हिडेपछि यी प्रतिवादी भिमबहादुर भट्टराई गाउँघरमा देखा परेका हुन। निज पक्राउ परेपछि आफैले उक्त वारदात घटाएको भन्ने सुनेको हो। तत्काल स्थानीय मानिस तथा प्रहरीले समेत निजलाई शङ्का गरी नाम खुल्नुले पनि प्रतिवादी भिमबहादुर भट्टराईले नै सन्तबहादुर अधिकारीलाई कर्तब्य गरी मारेको हो भन्ने पुर्ण बिश्वास लाग्छ। निज प्रतिवादीलाई कानुन बमोजिम कारवाही हुनुपर्छ भन्ने झलकबहादुर राईसमेतले प्रायः एकै मिलान हुने गरी लेखाई दिएको बस्तुस्थिति मुचुल्का।

११. सन्तबहादुर अधिकारी क्षेत्रीलाई यिनै प्रतिवादी भिमबहादुर भट्टराईले कर्तब्य गरी मारेर विदेश भागेकोमा विश्वास लाग्छ भन्ने लेखाएको समेत सम्पूर्ण मिसिल संलग्न प्रमाण कागजातबाट प्रतिवादी भूपेन्द्र भट्टराई भन्ने भीमबहादुर भट्टराईले मार्ने योजना बनाइ दिउसो खुकुरी खरिद गरी मृतकसङ्ग लाइट माग्ने निहुँपारी बोलाई एकान्त स्थानमा लगी सोही खुकुरीले पटक पटक प्रहार गरी कर्तब्य गरी मारेको पुष्टि भएकाले निज प्रतिवादी भूपेन्द्र भट्टराई भन्ने भीमबहादुर भट्टराईलाइ मुलुकी ऐन, ज्यान सम्बन्धीको

महलको १ र १३(१) नं. बमोजिम कसुर अपराधमा सोही ऐन सोही महलको १३(१) नं. बमोजिम सजाय गरी पाउँ भन्ने अभियोग पत्र।

१२. मेरो पुरानो घर जिल्ला ताप्लेजुङ आम्वेगुदिन-५ हो मिति २०५८।११।२६ गते म ताप्लेजुङमा थिए। म २०५८ साल फागुनको १/२ गते तिर ताप्लेजुङ गएको थिए। त्यो बेला द्वन्द्वकालको अवस्था भएकोले एक वर्ष जति पहाड ताप्लेजुङ बसेर त्यस पछि पासपोर्ट बनाएर मलेशिया गए। मलेशियामा ५/७ वर्ष बसे। त्यसपछी झापाको घर खुदुनाबारीमा आएर बसे सात वर्ष मलेशिया बसेपछी म घरमै छु। वारदात मिति २०५८।११।२६ गते तासेजुङमा भएकाले मेलै मृतक सन्तबहादुर अधिकारीको हत्या गरेको होईन। मलाई झुठा आरोप लगाएको हो मात्र हो भनी प्रतिवादीले भुपेन्द्र भट्टराईले अदालतमा गरेको बयान।

१३. तत्काल यी प्रतिवादी भुपेन्द्र भट्टराई भन्ने भिमबहादुर भट्टराई लाई मुलुकी ऐन, ११८ नं. को २ नं. बमोजिम थुनामा राखि मुलुकी ऐन, अ.बं. १२४ नं. बमोजिम यो आदेश पर्चा गरि दिएको छ भन्ने झापा अदालतबाट मिति २०७४।५।६।३ मा भएको थुनछेक आदेश।

१४. मृतक सन्तबहादुर अधिकारीलाई काटेर खोलामा फ्यालेको अवस्थामा देखेको हो।कसले काटेर हो मलाई थाहा छैन भन्ने बमोजिमको घटनास्थल लासजाँच मुचुल्काका मानिस पुष्पा गुरुङले गरेको बकपत्र।

१५. मृतक शान्त बहादुर अधिकारीको मृत्यु भुपेन्द्र भन्ने भिमबहादुर भट्टराईले खोलाको बगरमा लगेर काटेर मारेको हो भन्ने समेत बमोजिमको घटना विवरण कागज गर्ने मेदनीप्रासद चापागाईले अदालतमा गरेको बकपत्र।

१६. मेरो भाईलाई भुपेन्द्र भट्टराईले डिउटीमा गएको बेलामा खोलामा लगेर काटेर मारेको हो भन्ने समेत बमोजिमको जाहेरवाला धनबहादुर अधिकारीले अदालतमा गरेको बकपत्र।

१७. भुपेन भन्ने भिमबहादुर भट्टराईले खुकुरी प्रहार गरी हत्या गरेको हो भन्ने सुनेको हो भोलिपल्ट खोलाको बगरमा देखेको हो भन्ने समेत बमोजिमको बस्तुस्थिती मुचुल्काका मानिस रामकुमार महतले अदालतमा गरेको बकपत्र।

१८. मेरो घर देखी १५-२० मिनेट टाढा जतिमा मृतकलाई प्रतिवादीले काटेर मारेको मैले देखेको हो भन्ने समेत बमोजिमको घटना विवरण कागज गर्ने ईन्द्रकुमारी श्रेष्ठले अदालतमा गरेको बकपत्र।

१९. यी प्रतिवादी २०५८ सालको फागुन १/२ गते तिर नै ताप्लेजुङको आम्बेगुदिन पुख्यौली घरमा गएका थिए। वारदात भनिएको समयमा यी प्रतिवादी झापामा थिएनन। घटना भनिएको दिन उनी ताप्लेजूङमै नै थिए भन्ने समेत बमोजिमको प्रतिवादीको साक्षी रत्न थापाले अदालतमा गरेको बकपत्र।

२०. संलग्न कागज एवं परिस्थितीजन्य प्रमाणबाट यी प्रतिवादी उपरको अभियोग दाबी पुष्टि भएकोले प्रतिवादी भुपेन्द्र भन्ने भीमबहादुर भट्टराईले ज्यान सम्बन्धी महल १ नं र १३(१) नं को कसूर गरी  सन्तबहादुर अधिकारीलाई खुकुरी प्रहार गरी कर्तब्य गरी ज्यान मारेको ठहरी निजलाई सोही ज्यान सम्बन्धीको १३(१) नं. बमोजिम सर्वश्व सहित जन्म कैद हुने ठहर्छ भन्ने सुरु झापा जिल्ला अदालतको मिति २०७५।२।१४ मा भएको फैसला।

२१. दावी र वरामदित प्रमाणको अभावमा अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान कागजलाई आधार लिई सुरु झापा जिल्ला अदालतवाट भएको फैसला गम्भिर कानुनी त्रुटिपुर्ण भएकोले उक्त फैसला उल्टी गरी अभियोगदावीवाट सफाई पाउ भन्ने समेत वमोजिमको प्रतिवादी भुपेन्द्र भट्टराई भन्ने भीमवहादुर भट्टराईको पुनरावेदनपत्र।

२२. प्रतिवादी भुपेन्द्र भन्ने भीमबहादुर भट्टराई अभियोग दाबीको कसुरमा 'ईन्कार रही वारदातको दिन वारदात स्थलमा नरहेको भनी जीकिर लिएको भएतापनि निजको जीकिर पुष्टि हुन नसकेको, निजले मौकाको बयानमा कसूर स्वीकार गरेको कुरालाई स्पष्ट प्रमाण परिबन्धबाट अन्यथा प्रमाणित गर्न नसेकेको, मौकामा कागज गर्ने होटलवाली ईन्द्रकुमारी श्रेष्ठले वारदातको दिन आफ्नो होटलमा आएको, खुकुरी बोकेको, मृतक काम गरेको स्थान तर्फ गएको र भोलिपल्ट मृतक सन्तबहादुरको लास टाउको र घिचुकमा काटिएको अवस्थामा फेला परेको भनि कागज गरेको र निज प्रतिवादी पक्राउ परी सनाखत भएको समेत मिसिल संलग्न कागज एवं परिस्थितीजन्य प्रमाणबाट यी प्रतिवादी उपरको अभियोग दाबी पुष्टि भएकोले प्रतिवादी भुपेन्द्र भन्ने भीमबहादुर भट्टराईले ज्यान सम्बन्धी १ नं र १३(१) नं को कसूर गरी

सन्तबहादुर अधिकारीलाइ खुकुरी प्रहार गरी कर्तब्य गरी ज्यान मारेको ठहरी निजलाई सोही ज्यान सम्बन्धीको १३(१) नं बमोजिम सर्वश्व सहित जन्म कैद हुने ठहर्छ भनी सुरु झापा जिल्ला अदालतबाट मिति २०७५/०२/१४ मा भएको फैसला र सो फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ भन्ने उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७६।०१।०९ को फैसला।

२३. प्रस्तत मुद्दामा प्रत्यक्ष प्रमाणको अभावमा केवल अर्काले कुरा गरेको सुनेको आधारमा बस्तुस्थिति मुचुल्काका मानिसहरुको १५ वर्ष पछि बकपत्र पछि भएको बकपत्रको आधारमा सजाय गरेको त्रुटिपूर्ण छ। सुनी जन्ने प्रमाण प्रमाण होइन। अधिकारप्राप्त अधिकारी समक्षको बयान मेरो स्वेच्छाको बयान होइन। मेरो मृतकलाई मार्नुपर्ने पूर्व रिसइवी, दुष्मनि केही छैन। म मृतकलाई चिन्दा पनि चिन्दिन। मैले नचिनेका अपरिचित मृतकलाई मारेको मराएको होइन। उक्त वारदात भएको मिति २०५८।११।१६ गते म आफनो घर ताप्लेजुङ थिए। सो कुराको पुष्टि मेरा साक्षी रत्न बहादुर थापाले गरिदिएको छ। यस अवस्थामा दशी र चश्मदित प्रमाणको अभावमा अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान कागजलाई साविति प्रमाण नामाकरण गरि सोलाई आधार लिई १३ नं. को कसूर ठहर गरेको नमिलेको हुँदा उल्टी गरि आरोपित कसूरबाट सफाई दिलाई पाउँ भन्ने प्रतिवादी भुपेन्द्र भट्टराई भन्ने भीमवहादुर भट्टराईको पुनरावेदनपत्र।

<u>अदालतको ठहर</u>

२४. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्र सहितको मिसिल संलग्न कागजातको अध्ययन गरियो।

२५. प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी भुपेन्द्र भन्ने भीमबहादुर भट्टराईको तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री हर्क बहादुर भट्टराई तथा विद्वान अधिवक्ता श्री संगिना शाक्यले प्रतिवादीले पटक पटक खुकुरी प्रहार गरी कर्तव्य गरी मारेको कुरा अनुसन्धान अधिकारी समक्ष सावित रहेको भन्नेमा प्रतिवादीले उक्त बयान डर त्रासको आवेशमा गरेको, उक्त बयान मिसिल संलग्न कुनै पनि स्वतन्त्र र भरपर्दो प्रमाणबाट पुष्टि हुन नसकेको, प्रतिवादीले नचिनेको अपरिचित मृतकलाई मार्नु पर्ने

कुनै कारण नभएको, वारदात भयो भनिएको दिन प्रतिवादी वारदातस्थल झापामा नभएको र दशि र चस्मदित प्रमाणको अभाव भएको हुँदा प्रतिवादीलाई सर्वश्व सहित जन्मकैदको सजाय गर्ने गरी भएको शुरु अदालतको फैसला सदर गरेको उच्च अदालतको फैसला उल्टी गरि प्रतिवादीलाई सफाई दिलाई पाउँ भनी र विद्वान वरिष्ठ अधिवक्ता डा. श्री सुरेन्द्र भण्डारीले उक्त वारदात मनसायप्रेरित हत्या नभएर आवेशप्रेरित हत्या हो। मृतकले प्रतिवादीलाई अश्लिल गाली गलौज गरी ढुंगाले प्रहार गर्दा ढाडमा लागी दुखेको कारण आवेशमा आई मृतक माथि जाई लागेको हो। यस अवस्थामा प्रतिवादीले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(१) नं. बमोजिमको कसूर नगरेकोले उक्त कानूनी व्यवस्था अनूसार सजाय गर्दा चर्को पर्ने हुँदा तत्कालिन मुलुकी ऐन ज्यान सम्बन्धी महलको १४ नं. तथा प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा १७९ मा आवेश प्रेरित हत्यामा आएको कानूनी परिवर्तन बमोजिम आवेशप्रेरित हत्यामा सजाय गरी पाउँ भनी बैकल्पिक बहसको रुपमा बहस प्रस्तुत गर्नुभयो।

२६. त्यसैगरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री कल्पना राईले प्रतिवादीले मार्ने योजना बनाई दिउँसो खुकुरी खरिद गरी मृतकसँग लाइट माग्ने निहुँ पारी बोलाई एकान्त स्थानमा लगी सोही खुकुरीले पटक पटक प्रहार गरी कर्तव्य गरी मारेको व्यहोरा सम्पूर्ण मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि भएको हुँदा प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय गर्ने गरी भएको शुरुको अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला कानूनसम्मत् र उपयुक्त हुँदा सोही फैसला कायम हुनुपर्दछ भन्ने समेत बहस गर्नुभयो।

२७. यसमा मिति २०५८।११।२६ गते प्रतिवादी भुपेन्द्र भट्टराई भन्ने भीमबहादुर भट्टराईले मृतक सन्तबहादुर अधिकारीलाई टाउको र घिच्चुकको पछाडिको भागमा पटक पटक खुकुरी प्रहार गरी मारेकोले प्रतिवादीलाई मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ र १३(१) नं. बमोजिम कसुर अपराधमा सोही ऐन सोही महलको १३(१) नं. बमोजिम सजाय गरी पाउँ भनि अभियोग मागदाबी रहेकोमा मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ र १३(१) नं. को कसुर मान्नुपर्ने भनी झापा जिल्ला अदालतबाट प्रतिवादीलाई सोही ज्यान सम्बन्धीको १३(१) नं बमोजिम सर्वश्व सहित

जन्मकैद हुने ठहर गरी सोही फैसलालाई उच्च अदालत विराटनगर, इलाम इजलासले सदर गरे उपर प्रतिवादी भुपेन्द्र भट्टराई भन्ने भीमबहादुर भट्टराईको पुनरावेदनपत्र यस अदालतमा दायर भई इजलाससमक्ष पेश हुन आएको देखियो।

२८. उपर्युक्त तथ्य एवम् पुनरावेदन जिकिर भएको मुद्दामा वादी तर्फबाट उपस्थित हुनु भएका विद्वान उपन्यायाधिवक्ता र प्रतिवादीको तर्फबाट उपस्थित विद्वान कानुन व्यवसायीहरुको तर्कपूर्ण बहस जिकिरसमेत सुनी झापा जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला मिलेको छ वा छैन? र प्रतिवादी भुपेन्द्र भट्टराई भन्ने भीमबहादुर भट्टराईको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२९. अब निर्णयतर्फ विचार गर्दा, मृतकको अनुहारमा रगत बालुवा लागि क्षतविक्षत भएको, नाक र कानमा रगत लागेको, मृतकको पछाडी गर्धनको दाहिने भागमा ३ ईन्च लामो १ ईन्च चौडाईको छाला काटिएको घाउ रहेको, मृतकको बायाँ आँखी भौं माथि टाउकोको बाँया तालु माथिको भागमा ८ ईन्च लम्बाई १.५ ईन्च चौडाई १.५ ईन्च गहिराईको धारिलो हतियारको चोट रहेको, दाहिने कान देखी ६ ईन्च माथि टाउकोमा दाहिने कन्चटमा ६ ईन्च लम्बाई ५ ईन्च चौडाई छालाको भाग काटिएको सेतो खप्परको हाड देखिएको, दाहिने पातामा ४ ईन्च लम्बाईको छाला खोस्रिएको घाउ रहेको भन्ने घटनास्थल/लासजाँच मुचुल्का, मृतक सन्तबहादुर अधिकारी क्षेत्रीको मृत्यु कर्तव्यबाट भएको भन्ने जाहेरी दरखास्त, बुझिएका मानिसको भनाइ र बकपत्र साथै, मृतकलाई कर्तव्य गरी मारेको भनी प्रतिवादीले मौकामा गरेको साबिती बयान, मृतकको मृत्युको कारणमा the cause of death is head injury भन्ने शव परीक्षण प्रतिवेदन समेतबाट मृतकको मृत्यु कर्तव्यबाट भएकोमा विवाद देखिएन।

३०. प्रतिवादीले मौकामा गरेको बयानमा मिति २०५८।११।२६ गते दिनभर खुदुनाबारी बजारमा बसी रक्सी खाई माती खुदुनाबारी बजारमा नै घरायसी प्रयोजनको लागि भनी रु.३५०।- मा दाव सहितको सिरुपाते खुकुरी किनी भिरी घरतर्फ जाँदै गर्दा म मातेको कारण केही ढिलो तथा बेलुकाको ०९:३० बजेकाले बाटोमा जाँदै गर्दा शरणार्थी शिविरको पानी तान्ने मेसिन राखेको र त्यसमा रुँगालो चौकीदार बस्ने गरेका छन् भन्ने थाहा भएकाले अब धेरै रात पनि परेकोले लाईट मागेर जानुपर्यो, भनी

चौकीदार बसेका पछि नाम थाहा भएका सन्तबहादुर अधिकारीसँग लाईट माग्दा मलाई अश्लिल शब्दले गाली गलौज गरेपछि म आफ्नो बाटो केहीपर पुग्दा निजले मलाई ढुङ्गाले ढाडमा प्रहार गरेपछि मलाई दुखी रिस थाम्न नसकी तत्कालै दौडेर गई निजको कठालोमा समाती घटनास्थलमा पुऱ्याई आफूले बोकेको खुकुरीले पहिला गर्धन, पातामा र सो पश्चात पटक पटक हानी काटी कर्तव्य गरी मारेको हो। मैले सन्तबहादुर अधिकारी क्षेत्रीलाई कर्तव्य गरी मार्नु अगाडि होटलमा रक्सी किनेर खाएको थिए। होटल शिविरकै मान्छेको हुनुपर्छ, होटलवाला मलाई एकिन थाहा भएन। म त्यहाँ आउँदा पनि केही मातेकै अवस्थामा भएकाले सबै कुरा ख्याल गरिन। मैले ईन्द्रकुमारी श्रेष्ठ भनेर चिनेको थिएन। रक्सी खाने क्रममा मेरो घर सुखानी खोलापारी ७ नम्बर वडा हो भनी गफ चाहिँ गरेको थिएँ भनी लेखाएको देखिन्छ। यसरी प्रतिवादीको मौकाको बयानलाई घटनास्थल प्रकृति मुचुल्काले समर्थन गरेको देखिन्छ भने ईन्द्रकुमारी श्रेष्ठले सनाखत गर्ने क्रममा मेरो होटलमा मिति २०५८।११।२६ गते राती अं.०९:३० बजेतिर सुखानी खोलातर्फ जाने व्यक्ति मध्येका खुकुरी भिरेको व्यक्ति एक जना यी भुपेन्द्र भन्ने भिमबहादुर भट्टराई हुन्, निजको शरीर, बनावट रुप रंग र आकृतिबाट चिनेकाले सोही व्यक्ति हो भनी सनाखत समेत गरेको देखिन्छ। त्यसैगरी, मृतकको मृत्युको कारण head injury भन्ने उल्लेख भएबाट प्रतिवादीले पटक पटक खुकुरी प्रहार गरी मारेको भनी मौकामा गरेको बयान मृतकको शव परीक्षण प्रतिवेदनको व्यहोरासँग मिल्न आएको देखियो।

३१. प्रस्तुत मुद्दामा म प्रतिवादीले पटक पटक खुकुरी प्रहार गरी कर्तव्य गरी मारेको कुरा अनुसन्धान अधिकारी समक्ष सावित रहेको भन्ने होइन, मैले डर, त्रासको आवेशमा मौकामा मैले नै हत्या गरेको हो भनी बयान गरेको हो, मैले मृतकको हत्या गरेको हो भनेको छैन, मैले अर्काको काबुमा रहेर मेरो इच्छा विपरीत भएको बयानलाई प्रतिवादीले मृतकको हत्या गरेको स्विकार गरेको भनी व्याख्या गर्न न्यायोचित हुँदैन भन्ने पुनरावेदन जिकिर रहेको देखिन्छ। यस सन्दर्भमा हेर्दा **नेपाल सरकार विरुद्ध सुरेश साह तुरहा** (ने.का.प. २०६४, नि.नं. ७८०६) को मुद्दामा "*प्रहरी समक्ष गरिएको पूर्ण वा आंशिक साविती बयान स्वतन्त्र प्रमाण वा स्थापित तथ्यबाट समर्थित भए त्यसलाई अदालतले प्रमाणको रुपमा ग्रहण गर्ने*" भनी नजिर व्याख्या भएको

देखिन्छ। त्यसैगरी **किरण वि.क. विरुद्ध नेपाल सरकार** (ने.का.प. २०७५, नि.नं. १००५७) को मुद्दामा "*कुनै प्रतिवादीले आफू संलग्न वारदातका सम्बन्धमा अनुसन्धान अधिकारीसमक्षको बयानमा आरोपित कसुर स्वीकार गरी अदालतसमक्षको बयानमा असत्य वा झुठो कुरा व्यक्त गर्न सक्दछ तर परिस्थिति र तथ्यले कहिल्यै झुठो बोल्दैन भन्ने मान्यताको जगमा परिस्थितिजन्य प्रमाणको सिद्धान्त अडेको हुन्छ। अप्रत्यक्ष प्रमाणको आधारबाट पनि अदालतले विवादको सही निरूपण गर्नुपर्ने हुन्छ*" भनी व्याख्या भएको देखिन्छ। त्यसैगरी प्रमाण ऐन, २०३१ को दफा १० ले *कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा सो काम गर्ने व्यक्तिले निजको शारीरिक वा मानसिक अवस्था स्पष्टरुपमा बोध हुने गरि त्यस्तो अवस्था कायम छँदै व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ* भनि व्यवस्था गरेको पाइन्छ। यसरी प्रस्तुत मुद्दामा प्रतिवादीले खुकुरी भिरी वारदात मितिको दिन होटलवाली ईन्द्रकुमारी श्रेष्ठकोमा पानी खाएको र साथमा बोकेको खुकुरीले यी प्रतिवादीले मृतक सन्तबहादुर अधिकारीलाई काटि मारेको हो भनि ईन्द्रकुमारी श्रेष्ठले गरेको बकपत्र, मेरो भाईलाई भुपेन्द्र भट्टराईले डिउटीमा गएको बेलामा खोलामा लगेर काटेर मारेको हो भनि जाहेरवाला धनबहादुर अधिकारीको कागज व्यहोरा, घटनास्थल/लाशजाँच मुचुल्का, the cause of death is head injury भन्ने शव परीक्षण प्रतिवेदन, लगायतका परिस्थितिजन्य प्रमाणहरुले प्रतिवादीले गरेको मौकाको बयानलाई समर्थन गरेको देखिन्छ। त्यसकारण प्रमाण ऐन, २०३१ को दफा १० र यस अदालतबाट प्रतिपादित सिद्धान्तहरुको आधारमा समेत प्रतिवादीले गरेको मौकाको बयानलाई प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने नै देखियो र यि आधार प्रमाणहरुबाट निज मृतक सन्तबहादुर अधिकारी क्षेत्रीलाई प्रतिवादी भुपेन्द्र भन्ने भिमबहादुर भट्टराईले नै कर्तव्य गरी मारेको देखिन आयो।

३२. यसरी अधिकारप्राप्त अधिकारी समक्ष बयानमा प्रतिवादी भुपेन्द्र भन्ने भीमबहादुर भट्टराईले निज मृतकले यी प्रतिवादीले रातीको समयमा मृतकसगँ लाइटर माग्दा गाली गलौज गरी भनाभन भएको र यी प्रतिवादी बाटो लागि हिंडी सकेको अवस्थामा मृतकले ढुङ्गा हानी, निजको ढाडमा लागी दुखी, फर्केर आई निज मृतकलाई त्यहाँबाट लगी खुकुरी प्रहार गरी हत्या गरेकोमा मौकामा साबिती भई बयान गरेको तर योजना

बनाई नियत राखि हत्या गरेको भन्नेसम्म नदेखिँदा तथा मिसिल संलग्न आधार र प्रमाणबाट मृतकको हत्या निज प्रतिवादीबाटै भएको भन्ने कुरा पुष्टि भइसकेको अवस्थामा अब, प्रस्तुत मुद्दामा मृतकलाई मार्नुपर्ने कुनै मनसाय नभएको, मार्नुपर्ने कारणसमेत नभएको, मृतकलाई मार्ने योजना पनि नभएको अवस्थामा मृतकको ज्यान गएकोमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय नगरी मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १४ नं. बमोजिम आवेशप्रेरित हत्याको सजाय हुनुपर्ने हो होइन भन्ने पुनरावेदनको तर्फबाट गरिएको वैकल्पिक बहस जिकिर तर्फ विचार गर्दा प्रस्तुत वारदातमा आवेशप्रेरित हत्यामा हुने तत्त्वहरूको विद्यमानता थियो वा थिएन भन्ने तर्फ हेर्नु पर्ने देखिन्छ।

३३. यस सम्बन्धमा हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा *"ज्यान मार्नको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी* ***जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा*** *बाहेक साधारण लाठा, ढुङ्गा लात, मुक्का इत्यादि हान्दा सोही चोटपिरले ऐनका म्यादभित्र मरेमा दश वर्ष कैद गर्नुपर्छ"* भन्ने उल्लेख भएको देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार आवेशप्रेरित हत्याको वारदात कायम हुनको लागि ज्यान मार्ने मनसाय नभएको, ज्यान लिनुपर्नेसम्मको रिसइवी नभएको, लुकी चोरी नहानेको, तत्काल उठेको कुनै कुरामा रिस थाम्न नसकी सामान्य लाठा, ढुंगा, लात, मुक्का आदिले हान्दा मानिस मरेको हुनुपर्ने देखिन्छ। यस दफाले जोखिमी हतियारले हानेको वा विष खुवाएको कार्यलाई बाहेक गरेको देखिन्छ।

३४. यसै सम्बन्धमा **नेपाल सरकार विरुद्ध बद्रीप्रसाद तिमल्सिना** (ने.का.प. २०७९, नि.नं. १०८७१) को मुद्दामा *"आवेशप्रेरित हत्या (homicide by provocation) ठहर्नका लागि मृतकका कार्यले अभियुक्त आकस्मिकरूपमा उत्तेजित हुनुपर्दछ र रिस थाम्न नसकी अभियुक्तले केही गर्दा मानिस मरेको हुनुपर्ने"* भनी उल्लेख भएको देखिन्छ। त्यसैगरी **सुरज मण्डल विरुद्ध नेपाल सरकार** (ने.का.प. २०७७, नि.नं. १०५४६) को मुद्दामा *"आवेश प्रेरित कार्य र त्यसको प्रतिक्रिया (reaction) को बिचमा यदि आवेश शान्त हुने समय (cooling off period) हुन्छ भने उक्त समय, मनसाय तत्त्वको सिर्जना (creation of intention) हुन प्रर्याप्त हुने भएकोले त्यस्तो कार्यलाई आवेश प्रेरित भन्न*

*नमिल्ने*" र रवि खनाल विरुद्ध नेपाल सरकार (ने.का.प. २०७७, नि.नं. १०५४३) मा "*आवेश प्रेरित हत्या हुनको लागि अभियुक्तमा ज्यान मार्ने रिसइबी, मनसाय र ज्यान जान सक्छ भन्ने ज्ञान (knowledge) समेत रहे भएको देखिनु हुँदैन*" भनी यस अदालतबाट आवेशप्रेरित हत्या (homicide by provocation) सम्बन्धी विभिन्न व्याख्या भएको देखिन्छ।

३५. प्रस्तुत मुद्दामा प्रतिवादी अदालतमा इन्कारी रहेता पनि मौकामा वयान गर्दा मैले दिनभर खुदुनाबारी बजारमा बसी रक्सी खाई माती उक्त बजारमा नै घरायसी प्रयोजनको लागि भनी रु.३५०।- मा दाव सहितको सिरुपाते खुकुरी किनी भिरी घरतर्फ जाँदै गर्दा चौकीदार बसेका सन्तबहादुर अधिकारीसँग लाईट माग्दा मलाई अश्लिल शब्दले गाली गलौज गरेपछि म आफ्नो बाटो केहीपर पुग्दा निजले मलाई ढुङ्गाले ढाडमा प्रहार गरेपछि मलाई दुखी रिस थाम्न नसकी तत्कालै दौडेर गई निजको कठालोमा समाती घटनास्थलमा पुऱ्याई आफूले बोकेको खुकुरीले पहिला गर्धन, पातामा र सो पश्चात पटक पटक हानी काटी कर्तव्य गरी मारेको हो भन्ने उल्लेख गरेको देखिन्छ। निजको अदालतको वयान विश्वास लाग्दो नरहेको र अन्य प्रमाणले समर्थन गरेको नदेखिएको अवस्थामा मौकाका अन्य व्यक्तिहरुको भनाई र अदालतको वकपत्र तथा प्रमाणबाट समर्थित भनाईलाई हेर्नु पर्ने देखिन्छ। निज प्रतिवादीले मृतकलाई नचिनेको मृतकसँग पूर्व लेनदेन, रिसइवी नभएको र अन्य कुनै कामले मार्नु पर्ने सम्मको कारण नभएको भन्ने देखिन्छ। त्यसैगरी मृतकले प्रतिवादीलाई गाली गलौज गरी ढुङ्गाले ढाडमा प्रहार गरेपछि प्रतिवादी आकस्मिक रूपमा उत्तेजित भई रिस थाम्न नसकी फर्कि आई कठालोमा समाती घटनास्थलमा पुऱ्याई खुकुरी प्रहार गरी कर्तव्य गरी मारेको भन्ने देखिन्छ र यस्तो आवेश प्रेरित कार्य र त्यसको प्रतिक्रिया (reaction) को बिचमा आवेश शान्त हुने समय (cooling off period) थियो भन्ने समेत देखिँदैन। तसर्थ, प्रतिवादी भुपेन्द्र भन्ने भीमबहादुर भट्टराईले मृतकलाई खुकुरी प्रहार गरी निजको हत्या गरेको प्रस्तुत वारदात जोखिमी हतियार प्रयोग गरी आवेशमा आई भएको भन्ने देखिन्छ।

३६. मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १४ नं ले आवेशप्रेरित हत्यामा जोखिमी हतियारलाई बाहेक गरेको देखिँदा यस अदालतबाट खुकुरी जस्तो जोखिमी हतियारले

प्रहार गरेको अवस्थामा मार्ने योजना र नियत नरहे पनि त्यस्तो प्रहारबाट मान्छे मर्न सक्छ भन्ने जानाकारी (knowledge) सम्बन्धीत प्रतिवादीसँग हुने भएकाले त्यस्तो अवस्थामा सोही महलको १३(४) नं. बमोजिमको कसुर र सजाय हुने व्याख्या भएको पाइन्छ (**रवि खनाल विरुद्ध नेपाल सरकार, ने.का.प. २०७७, नि.नं.१०५४३**)। मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(१) वा (४) नं. को कसूरमा आवेशप्रेरित अवस्था संलगन भएको तर प्रहार गर्ने वस्तु जोखिमी भएको अवस्थामा जोखिमी हतियारको प्रयोग भएको अवस्थामा १४ नं. को प्रयोगलाई निषेध गर्ने गरी यस अदालतको हालसम्मको अभ्यास रहेको देखिन्छ। उक्त मुलुकी ऐन, ज्यान सम्बन्धी कसूरको १४ नं को प्रावधान र प्रसङ्गमा यस अदालतबाट गरिएका हालसम्मका व्याख्याहरुलाई मुलुकी अपराध संहिता, २०७४ को उक्त १४ नं. को समकक्षी प्रावधानसँग तुलना गरी हेर्दा, १४ नं. को कानूनी व्यवस्थालाई प्रतिस्थापन गर्ने मुलुकी अपराध संहिता, २०७४ को दफा १७९ (१)(क) मा कसैले तत्काल गम्भीर उत्तेजना दिलाउने कुनै काम गरेबाट कसूरदारले आत्मसंयमको शक्ति गुमाई त्यस्तो उत्तेजना दिलाउने व्यक्तिको ज्यान मारेकोमा, ज्यान लिने व्यक्तिलाई दशदेखि पन्ध्र वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि एक लाख पचास हजार रुपैंयासम्म जरिबाना हुनेछ भन्ने व्यवस्था देखिन्छ। सोही दफा १७९(२) मा त्यस्तो कार्य इवी लिएर वा सोच विचार गरेर ज्यान लिइएको भएमा उक्त दफाका प्रावधान आकर्षित नहुने व्यवस्था गरेको पाइन्छ। यसबाट के स्पष्ट हुन्छ भने उक्त १४ नं. मा उल्लिखित जोखिमी हतियार र विष खुवाएको भन्ने प्रावधानलाई प्रचलित कानुनले हटाई गैर अपराधिकरण (decriminalize) गरी उक्त दफा १७९ मा तत्कालिन १४ नं. को प्रावधानलाई परिमार्जित गरी छुट्टै सजायको हद तोकेको पाइन्छ। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५[१] ले उल्लेख गरेको घटी सजाय भित्र त्यसरी गैर अपराधिकरण कार्यबाट सो प्रावधान अनुसारको उक्त १४ नं. को जस्तो आवेशको अवस्था रहेको तर जोखिमी हतियार प्रयोग भएकोमा प्रतिवादीले त्यस्तो सुविधा पाउन सक्ने नै देखिन्छ। वस्तुतः **मुलुकी ऐनको ज्यान सम्बन्धी महलको १३ नं. को कसूरमा अभियोजन गरिएका प्रतिवादीलाई सोही**

[१] दफा ५: कुनै कसूरका सम्बन्धमा कसूर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानून बमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्नेछ।

महलको १४ नं. को आवेशप्रेरित हत्याको अवस्था विद्यमान रहेको तर जोखिमी हतियार प्रयोग भएको भन्ने आधारमा मात्र उक्त जोखिमी हतियार भन्ने तत्व मुलुकी अपराध संहिता, २०७४ को दफा १७९ को प्रयोजनको लागि गैर अपराधिकरण (decriminalize) भएको अवस्थामा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ अन्तर्गत मानी घटी सजाय हुने कसूर कायम गरी सजाय गर्दा न्यायोचित नै हुने देखिन्छ।

३७. अतः माथि विवेचित आधार र कारणहरूबाट यी पुनरावेदक प्रतिवादी भुपेन्द्र भन्ने भीमबहादुर भट्टराईलाई अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्व सहित जन्मकैदको सजाय हुने ठहऱ्याई शुरू झापा जिल्ला अदालतबाट मिति २०७५।०२।१४ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७६।०१।०९ भएको फैसला केही उल्टी भई यी पुनरावेदक प्रतिवादी भुपेन्द्र भन्ने भीमबहादुर भट्टराईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १७९ अनुसार १० (दश) वर्ष कैद तथा हाल दफा १७९ मा जरिवानाको व्यवस्था भएको तर मुलुकी ऐन ज्यान सम्बन्धी महलको १४ नं मा जरिवानाको व्यवस्था नभएको कारण फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम बढि सजाय हुने एक लाख जरिवाना समेत हुने नदेखिँदा १० वर्ष कैद मात्र हुने ठहर्छ। अरू तपसिल बमोजिम गर्नू ।

<u>तपसिल खण्ड</u>

उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला केही उल्टी भई प्रतिवादी भुपेन्द्र भन्ने भीमबहादुर भट्टराईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. र मुलुकी अपराध सहिता, २०७४ को दफा १७९ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ अनुसार १० (दश) वर्ष मात्र कैद सजाय हुने ठहरी फैसला भएकोले निजको नाममा सुरू तथा उच्च अदालतको फैसला अनुसार कसिएको सर्वस्वसहित जन्मकैदको लगत संशोधन गरी १० (दश) वर्ष मात्र कैदको लगत कायम गर्नु भनी सुरू झापा जिल्ला अदालतमा लेखी पठाई दिनू ...............................................................................................१

पुनरावेदक प्रतिवादी मिति २०७४।०४।११ गतेबाट प्रहरी हिरासतमा रहेको देखिएकोले सो मितिबाट कैद कट्टा हुने गरी सो अवधिबाट निजको १० (दश) वर्ष कैद समाप्त हुने मिति गणना गरी निज प्रतिवादीलाई कारागार कार्यालयमार्फत संशोधित कैदी पूर्जी दिनू..............................................................................२

प्रतिवादीलाई सर्वस्वसमेत हुने गरी भएको सुरू र उच्च अदालतको फैसलाअनुसार सर्वस्व प्रयोजनको लागि निजको भागको अंश रोक्का रहेको भए फुकुवा गर्न सम्बन्धित निकायमा लेखी पठाउनु भनी सुरू जिल्ला अदालतमा लेखी पठाउनू ....३

सरोकारवालाले फैसलाको नक्कल माग गरी निवेदन गरे लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिन..............................................................................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी प्रस्तुत फैसला विद्युतिय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ....................................५

..........................................

(हरिप्रसाद फुयाल)

न्यायाधीश

उक्त रायमा म सहमत छु।

..........................................

(सुनिलकुमार पोखरेल)

न्यायाधीश

इजलास अधिकृतः लक्ष्मी राना

कम्प्युटर अपरेटरः शंकर गुरुङ्ग

इति सम्वत् २०८१ साल असार १३ गते रोज ०५ शुभम् ....................................।